# मध्यविन्दु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चोरमारा, नवलपरासी(बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

२०७३

☎०७८-४१०१२७
४१०१२८


प.सं. ०७५/०७६

च.नं.

२०७५/८/५

प्रथम पटक प्रकाशित मिति २०७५/८/६

यस मध्यविन्दु नगरपालिकाको लागि प्राविधिक शाखामा रहने गरी देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र दिनको २:०० बजेसम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) पद : सिभिल ईन्जिनियर

संख्या : १(एक)

न्यूनतम शैक्षिक योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट Civil Engineering विषयमा स्नातक (B.E.) वा सो सरह उत्तीर्ण भएको ।

कार्यको अनुभव : कम्तीमा १ (एक) वर्ष सम्बन्धित कार्यको अनुभव भएको ।

उमेर : २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको ) ।

दरखास्त दस्तुर : रु. १,०००/-

पारिश्रमिक : नेपाल सरकारले निर्धारण गरेको रा.प. तृतीय श्रेणीको पारिश्रमिक सरह ।

अन्य : क) नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।
ख) प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको ।

२) पद : सब-ईन्जिनियर

संख्या : २ (दुई)

न्यूनतम शैक्षिक योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट Civil Engineering विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण भएको ।

उमेर : २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको ) ।

दरखास्त दस्तुर : रु.७००/-

पारिश्रमिक : नेपाल सरकारले निर्धारण गरेको रा.प. अनं.प्रथम श्रेणीको पारिश्रमिक सरह ।

अन्य : प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको ।

उम्मेद्वारले यस नगरपालिकाले निर्धारण गरेको दरखास्त फारामसाथ शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित कानून बमोजिम विभिन्न काउन्सील वा परिषद् वा अन्यमा दर्ता भएको भए सो को प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्ने छ ।

छनौट विधि : स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को प्रकरण ४ बमोजिम हुनेछ।

०७५/८/५

...नश्याम गाहा...
...ाखा अधिकृत